आँधी तुफान प्रकोपका उपाय र व्यक्तिगत सुरक्षा
(जापान मौसम विज्ञान एजेन्सी / जापान सरकार )

[आँधी बिपतका समयमा लिनुपर्ने कार्यहरु ]

>>आफ्नो क्षेत्रमा प्रकोप आएको अवस्थामा, कृपया बाहिर ननिस्किनुहोस् ।
- पालना गर्नुपर्ने आधारभूत नियममध्ये एक, आँधी नसकुञ्जेल घर वा भवनभित्र बस्नु हो । कृपया बाहिर निस्किने वा नदी अथवा नहरको नजिक जाने काम नगर्नुहोला, यस्ता कार्यले तपाईको सुरक्षालाई खतरामा पार्नसक्छ ।

>>एलिभेटरको प्रयोग कदापी नगर्नुहोला ।
- प्रकोपको बेलामा एलिभेटरको प्रयोग कदापी नगर्नुहोला किनभने बेसमेन्ट तलामा स्थित मेसिन भएको कोठामा बाढी आएर कुनै पनि बेला एलिभेटर बन्द हुनसक्छ ।

[आँधी आउनु ० देखि ६ घण्टा अगाडि गर्नुपर्ने कार्यहरु ]

>>आफ्नो क्षेत्रमा आउनसक्ने बाढीको संभावित क्षति अनुमान गर्नुहोस् ।
यदि तपाईको क्षेत्रमा आँधी या बाढीको खतरा छ भने सकेसम्म जापान मौसम विज्ञान एजेन्सी र जापान सरकारद्वारा जारी  नयाँ सुचना तथा जानकारीहरु सुन्नुहोस् । साथै तत्काल निकासीकालागि तयार हुनुहोस् ।

>>यदि तपाई भूइँ तलामा हुनुहुन्छ भने थप सर्तकता अपनाउनुहोस् ।
अण्डरग्राउण्ड तला ( सबवे, सपिङ्ग मल, अण्डरग्राउण्ड पार्किङ) बाढीले बगाउने जोखिम धेरै हुन्छ । त्यसैले तपाई भूइँ तलामा हुनुहुन्छ भने थप सर्तकता अपनाउनुहोस् ।

[आँधी आउनु ६ देखि १२ घण्टा अगाडि गर्नुपर्ने कार्यहरु ]

>> जब सरकारले “निकासीको चेतावनी” जारी गर्छ, सबैजना समूहमा सर्नुहोस् ।
जब सरकारले “निकासीको चेतावनी” जारी गर्छ, आफ्नो घरमा चाबी लगाएर, आफ्ना छिमेकीहरुलाई पनि घर खाली गर्न लगाई, पैदल हिड्ने जानकारी दिनुहोस् । यस्तो समयमा स्पोर्ट्स वा ट्रेकिङ जुत्ता बाटोमा हिड्न उपयुक्त हुन्छ ।

>>जब “निकासीको तयारी” काबारेमा जानकारी जारी हुन्छ, सबैभन्दा पहिला कमजोर, बृद्ध, शारीरिक असक्तता, बालबच्चा भएका व्यक्ति तथा परिवारहरुलाई सुरक्षित ठाउँमा (जमिन उच्च भएको ठाउँ, नातेदारको घर, सार्वजनिक हितकोलागि बनाइएको घर) पुऱ्याउन मद्दत गर्नुहोस् ।

[आँधी आउनु १२ देखि ३६ घण्टा अगाडि गर्नुपर्ने कार्यहरु ]

>>टर्च र खानेकुराको तयारी

आँधी आइरहेको बेलामा पानी तथा बिजुलीको आपूर्ति बन्द हुन सक्छ । त्यसैले यस्ता अवस्थाकालागि घरमा टर्च र रेडियोको व्यवस्था गर्नुहोस् । साथै केही दिनकालागि खानेकुरा र पानीको व्यवस्था पहिल्यै गरेर राख्नुहोस् ।

>>घरेलु सामानहरु उच्च स्थानमा राख्नुहोस् ।
घरेलु सामानहरु पानीले भिजेमा बिग्रिन सक्छन् । त्यसैले भिज्नबाट जोगाउनकालागि घरेलु सामानहरु पानीले नभेट्ने उच्च स्थानमा राख्नुहोस् ।

[आँधी आउनु ३६ देखि ४८ घण्टा अगाडि गर्नुपर्ने कार्यहरु ]

>>यदि तपाईको घर जमिनको सतहभन्दा तल छ भने बालुवाका बोराको (स्याण्डब्याग) प्रयोगले बाढीको गति घटाउन मद्दत गर्दछ ।
बालुवाका बोराहरु (स्याण्डब्याग) उपलब्ध छन् कि छैनन् पत्ता लगाउन आफ्नो स्थानीय सरकारी कार्यलयमा सम्पर्क गर्नुहोस् । यस्ता बालुवाका बोराहरुको बैकल्पिक रुपमा, तपाईले फोहोर फाल्ने प्लाष्टिकमा पानी भरि बानेर त्यसलाई ठोस ब्लकसँग राख्न सक्नुहुन्छ । अथवा पेट बोटलमा पानी भरेर एउटा कार्डबोर्डमा राखी अस्थायी पानी बैंकको रुपमा प्रयोग गर्न सक्नुहुन्छ ।

>>वास्तविक प्रकोप आउनुभन्दा अगाडी, पानी जाने ठाउँ या ड्रेनेजको अवस्था जाचँ गर्नुहोस् । पानी जाने ठाउँ/ड्रेनेज बन्द या बुज्जिएको अवस्थामा बाटो तथा बगैंचामा पानीका साना खाडलहरु बनेर कोठा, पार्किङ एरियामा क्षति पुऱ्याउन सक्छ । बरण्डामा अवस्थित पानी जाने पाइप पात-पतिङ्गरले बुज्जिएको अवस्थामा यसले दोस्रो तला वा सोभन्दा माथिको तलाहरुमा पनि पानी बगेर क्षति पुऱ्याउन सक्छ । त्यसैले पानी बगेर जाने पाइपको नियमित जाचँ गरि तिनीहरुलाई सफा राख्नुहोस् ।

>>छत तथा टाइल सुदृढ पार्नुहोस् ।
छत तथा टाइल हावाहुरीले उडाएको खण्डमा, क्षति ठुलो र शरीरकोलागि पनि हानीकारक पनि हुनसक्छ । छतमा हुनसक्ने प्वाल, भित्ता चर्केको छ कि छैन, नियमित रुपमा जाचँ गर्नुहोस् । साथै हावाले उडाउने वस्तुहरु (टिभी-एन्टेना, साइकल, गमला) लाई घरभित्र ल्याइ राख्नुहोस् । पर्खाल कमजोर छ भने त्यसलाई आड दिने व्यवस्था गर्नुहोस् ।